# मञ्जुश्री फाईनान्स लिमिटेड
## अठारौं वार्षिक साधारण सभाको
## निर्णय-पुस्तिका

यस मञ्जुश्री फाईनान्स लिमिटेडको **अठारौं वार्षिक साधारण सभा (18th Annual General Meeting)** कम्पनीको सञ्चालक समितिका **अध्यक्ष श्री सुमन प्रसाद अधिकारी ज्यू** को सभापतित्वमा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरि निम्नानुसारको निर्णय गरि **अठारौं वार्षिक साधारण सभा** सुसम्पन्न भयो ।

**१. अठारौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान :**

मिति : २०८२ आश्विन ३१ गते शुक्रबार (तदनुसार १७ अक्टोवर, २०२५)

समय : विहान ११:०० बजे

स्थान: थापागाउँ ब्याङ्केट, थापागाउँ, नयाँबानेश्वर, काठमाण्डौ ।

**२. उपस्थिति :**

**क) कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सञ्चालकहरुको उपस्थिती :**

| | | |
|---|---|---|
| १. | श्री सुमन प्रसाद अधिकारी | अध्यक्ष |
| २. | श्री यादव अधिकारी | सञ्चालक |
| ३. | श्री रामहरी शर्मा | सञ्चालक |
| ४. | श्री सतीस गौतम | सञ्चालक |
| ५. | श्री दिपक थापा | सञ्चालक |
| ६. | श्री पुष्प राज भण्डारी | स्वतन्त्र सञ्चालक |

(सञ्चालक श्री इन्दिरा पण्डित (घिमिरे) हाल काम विशेष विदेशमा रहनु भएकोले सभामा अनुपस्थित रहनु भएको ।)

**ख) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री तेजराज तिमिल्सिना | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री पदम ठकुल्ला | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री शम्भु कुमार राउत | सहायक नायब महाप्रवन्धक |
| ४. | श्री गणेश खत्री | सहायक नायब महाप्रवन्धक |
| ५. | श्री विकास राज शाक्य | प्रमुख सञ्चालन अधिकृत/कम्पनी सचिव |
| ६. | श्री श्रीधर भण्डारी, अधिवक्ता | प्रमुख कानून अधिकृत |

ग) आमन्त्रितहरुको उपस्थिति :

१. श्री अनिल पन्थी, प्रतिनिधि एन.आई.एम.बि. एस क्यापिटल लिमिटेड (शेयर रजिष्ट्रार)

२. वित्तीय संस्थाका पुर्व सञ्चालक श्री पारस अधिकारी ।

३. **उपस्थित शेयरधनीहरुको शेयर संख्या र उपस्थिति प्रतिशत** :

१) स्वयं उपस्थित शेयरधनीहरुको शेयर संख्या: २५,८१,४५३

(क) संस्थापक शेयरधनीहरु तर्फ : २२,४९,८२१

(ख) सर्वसाधारण शेयरधनीहरु तर्फ : ३,३१,६३२

२) प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनीहरुको शेयर संख्या : ४५,२४,३६४

(क) संस्थापक शेयरधनीहरु तर्फ : ४०,३९,१२८

(ख) सर्वसाधारण शेयरधनीहरु तर्फ : ४,८५,२३६

३) शेयरधनीहरुको प्रतिनिधित्व भएको जम्मा शेयर संख्या : ७१,०५,८१७

४) शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत: ५२.५८ %

४. **साधारण सभा सम्बन्धी सूचना :**

यस वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थालाई उपलव्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै वार्षिक साधारण सभाको सूचना मिति २०८२।०६।१० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२।०६।१२ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक सार्वजनिक रुपमा सूचना प्रकाशित गर्नुका साथै संस्थाको सूचनापाटी तथा वेभसाइट manjushreefinance.com.np मा राखि सम्पुर्ण शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै अठारौं वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरुको उपलब्ध भए सम्मका मोवाइल नंबरहरुमा एस.एम.एस. मार्फत सम्प्रेषण गरिएबाट कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सूचनासँग सम्बन्धित सम्पुर्ण प्रकृया पुरा गरिएको थियो ।

५. **अठारौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात एवं आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।

३. कम्पनी ऐन,२०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. १,३५,१५,५२,८४८।८० ( अक्षेरेपि एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस रुपैंया असी पैसा मात्र) को १५% ले हुन आउने रकम रु. २०,२७,३२,९२७।३२ (अक्षेरेपि बिस करोड सत्ताईस लाख बत्तिस हजार नौ सय सत्ताईस रुपैंया बत्तिस पैसा मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. प्रबन्ध पत्र र नियमावली संशोधन ।
नेपाल राष्ट्र बैकको स्वीकृत लिई यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालयलाई का.जि. का.म.न.पा. वडा नं. १० बाट का.जि. का.म.न.पा. वडा नं. ११ मा राख्नका लागि यस वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा २(१) र नियमावलीको नियम २ मा रहेको यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने स्थान संशोधन गर्ने ।

२. प्रबन्ध-पत्र तथा नियमावलीलाई उपरोक्त बमोजिम संशोधन गर्न अनुमति लिनु पर्ने नियमनकारी निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. यस वित्तीय संस्था र अन्य कुनै उपयूक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने ( Merger) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्तावलाई पारित गर्ने ।

**(ग) विविध :**

## ६. गणपुरक संख्या तथा सभाको वैधानिकता :

| वाँडफाँड भएको कुल शेयर संख्या | जम्मा उपस्थित शेयरधनी संख्या (स्वयं तथा प्रतिनिधिपत्र द्वारा) | जम्मा शेयरको प्रतिनिधित्व संख्या | वाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| १,३५,१५,५२८।४८८० | ३०२ | ७१,०५,८१७ | ५२.५८% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिईएको तथा कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा वित्तीय संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याहरुको ५०% (पचास प्रतिशत) भन्दा बढी अर्थात **५२.५८%** शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालन गर्न बैधानिक रहेको व्यहोरा कार्यक्रम सञ्चालक मार्फत शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि साधारण सभाको कार्यक्रम शुरु भयो ।

७. **सभाको सभापतित्व र सभा सञ्चालन :**

अठारौं वार्षिक साधारण सभाको अध्यक्षता/सभापतित्व ग्रहण गरिदिन कार्यक्रम सञ्चालकले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) एवं यस वित्तीय संस्थाको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप सञ्चालक समितिका अध्यक्ष **श्री सुमन प्रसाद अधिकारीज्यू**लाई अनुरोध गर्नु भयो र वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष**ज्यूले** सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति **श्री सुमन प्रसाद अधिकारीज्यू**ले पानसमा बत्ति वाली अठारौं वार्षिक साधारण सभाको शुभारम्भ गरे पश्चात् सभाका सभापतिज्यूको अनुमतिले वार्षिक साधारण सभाको काम कारवाही अगाडी बढ्यो ।

८. **सभाका सभापतिज्यूबाट स्वागत मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :**

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति **श्री सुमन प्रसाद अधिकारीज्यू**ले आफ्नो स्वागत मन्तव्य सहित आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको वित्तीय संस्थाको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि प्रस्ताव गरिएका सामान्य तथा विशेष प्रस्तावको विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भयो ।

९. **वार्षिक प्रतिवेदन र सामान्य तथा विशेष प्रस्तावका रुपमा प्रस्तुत गरिएका प्रस्तावहरु उपर भएको छलफल :**

छलफमा भाग लिने क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष लिखित तथा मौखिक रुपमा राख्नु भयो ।

| | | |
|---|---|---|
| १) श्री व्यास कुमार शर्मा | २) श्री सत्रुघन श्रेष्ठ | ३) श्री भेष राज भण्डारी |
| ४) श्री उद्धब प्रसाद घिमिरे | ५) श्री लव राज जोशी | ६) श्री चन्द्र नारायण श्रेष्ठ |
| ७) श्री उत्तम पाठक | ८) श्री सुदिप श्रेष्ठ | ९) श्री ब्रम्हदेव शाक्य |

१०) श्री निरुपमा गुप्ता ११) श्री इन्द्र कृष्ण श्रेष्ठ ११) श्री उत्सब सुन्दर श्रेष्ठ

१२) श्री लक्ष्मण बहादुर श्रेष्ठ १३) श्री बैजु नाथ रौनियार

छलफलमा भाग लिने क्रममा शेयरधनी महानुभावहरुले सभा समक्ष राख्नु भएको मन्तव्य, जिज्ञासा एवं सुझावहरुको सारांश :

१) अध्यक्ष ज्यूबाट प्रस्तुत वित्तीय विवरणलाई हेर्दा सम्पुर्ण वित्तीय विवरणको संक्षेपलाई वार्षिक प्रतिवेदनको पहिलो पृष्ठमा नै उल्लेख गरि वित्तीय विवरण हेर्न र बुझ्न सहज बनाई दिनु भएकोमा संस्थालाई विशेष धन्यबाद ।

२) यस संस्थाले देशको आर्थिक क्षेत्रले भोगि रहेको असहज परिस्थितिका वावजुद पनि आफ्नो EPS लाई १६.६२ बाट ६.५२ बढाई २३.१४ पुर्‍याईएको, डिपोजिट तथा लोन पोर्टफोलियोलाई बढाई नेट प्रोफिट समेत बढाउन सफल भएको, Net Worth बढेको, NPA घटेको, रिजर्भ तथा सर्प्लसको स्थिति राम्रो रहेको जस्ता संस्थाका वित्तीय सुचकांकहरु सकारात्मक रहेबाट सो सबै कार्य सराहनिय रहेकोले व्यालेन्सिट राम्रो रहेको ।

३) देशको स्थिति त्यति राम्रो नभएको हुँदा कर्मचारी संख्या थप्नु भन्दा पनि भएका कर्मचारीहरुलाई प्रशिक्षित गरि निजहरुको सेवा सुविधा बढाई निजहरुलाई प्रोत्साहित गरि तिनै कर्मचारीहरुबाट बढि भन्दा बढी काम लिने वातावरण बनाउनु पर्ने ।

४) विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले यस वर्ष पनि समयमा लाभांश वितरण गर्न नसकेको परिप्रेक्षमा यस वित्तीय संस्थाले समयमानै साधारण सभा गरि १५% (कर सहित) लाभांश वितरण गर्ने प्रस्ताव पेश गरेकोमा खुसि लागेको तर वोनश शेयरलाई प्राथमिकता दिई लाभांश वितरण गरेको भए अझ राम्रो हुन्थ्यो ।

५) आगामी दिनमा समेत यस संस्थाले अझ राम्रो प्रगति गरि दोहोरो अंकमा नै बोनस शेयर तथा नगद लाभांश दुवै वितरण गर्न सञ्चालक समिति तथा व्यवस्थापन सक्षम हुनेमा विश्वस्त रहेको ।

६) आगामी आर्थिक वर्षमा लाभांश वितरण गर्दा साना ठुला सबै लगानीकर्ताको हित हुने गरि कमसेकम पचास प्रतिशत बोनस शेयर र पचास प्रतिशत नगद लाभांस वितरण गर्नु समेत उपयूक्त हुने ।

७) आगामी आ.व. मा लाभांश वितरण गर्दा बडा दसैंलाई नै खर्च हुने र अरुसँग नजुध्ने गरि छिटो साधारण सभा गर्नु समेत उपयूक्त हुने ।

८) विगतमा झै यस आर्थिक वर्षमा पनि केहि आर्थिक अराजकता श्रृजना गर्नेहरुको उक्साहट कारण वित्तीय बजारमा कर्जा खिलाफि गर्ने प्रवृत्ति बढ्न गई सबै बैंक तथा वित्तीय संस्थाहरुमा NPL बढ्न गएको सन्दर्भमा यस वित्तीय संस्थाको यस आर्थिक वर्षको NPL ३.२२ मा राख्न सकेको कार्य सकारात्मक रहेको ।

९) कर्जा असुली गर्दा आउन सक्ने वाधा विरोध समेतलाई मध्यनजर गरी असुलीको सर्न्दभमा चाहिने पर्याप्त सजगताका साथ जोखिम व्यावस्थापनमा समेत ध्यान पुराई आफ्ना कर्मचारीहरु परिचालन गरि व्यवस्थापनले त्यस तर्फ अझ बढी सक्रियता देखाई NPL घटाउन निरन्तर लाग्नु पर्ने ।

१०) वित्तीय संस्थाहरु मध्येमा यस वित्तीय संस्था अव्वल रहेको कारण नै आफ्नो सम्पुर्ण बचत रकमलाई यस वित्तीय संस्थामा नै जम्मा गर्न आफूलाई उत्प्रेरित गरि रहेको । अन्य विभिन्न वित्तीय संस्थाहरुका तुलनामा यस वित्तीय संस्थाको स्थिति राम्रो रहेकोले भोलिका दिनमा समेत आफूलाई सवल, सक्षम र सुदृढ संस्थाको रुपमा कायमै राखी राख्न सञ्चालक समिति तथा व्यवस्थापन सक्षम हुनेमा विश्वस्त रहेको ।

११) यस आ.व.मा संस्थाका लेखापरिक्षकले समयमै लेखा परिक्षण गरी छिटै साधारण सभा गर्न सकिएकोले आगामी आ.व.का लागि पनि अहिलेकै लेखापरिक्षकलाई अघिल्लो आ.व. को जतिनै पारिश्रमिक उपलव्ध गराउने गरि नियूक्त गर्न उपयूक्त देखिएको ।

१२) विगतमा मर्जरमा गएका संस्थाहरुको स्थिति राम्रो नरहेको कारण यस संस्थालाई मर्जरमा लानु उपयूक्त नहुने ।

१३) संस्थाले ग्रिन इनर्जीमा लगानी गर्नु राम्रो हुने ।

१४) विगतमा शेयरधनीहरुले दिएका सुझावहरुलाई आत्मसाथ गरेका कारण संस्था राम्रो भएकोले आगामी दिनमा पनि एक क्षेत्रमा मात्र नभई विभिन्न लगानीका क्षेत्रहरु पहिचान गरी बढि नाफा आर्जन गर्न सकिने क्षेत्रमा लगानी गर्नु उपयूक्त हुने ।

१५) संस्थालाई कुन अवस्थामा पुर्‍याउने भन्ने प्रमुख हात कर्मचारीकै हुने हँदा कर्मचारीहरुको मनोवल बढाउन तालिम/प्रशिक्षणको व्यवस्था गर्नु पर्ने, आन्तरिक मुल्यांकन प्रभावकारी बनाएर राम्रा कर्मचारीहरुलाई पुरस्कृत गर्न चुक्न नहुने ।

१६) सामाजिक उत्तरदायित्व CSR अनर्गतको खर्च कम्जोर आर्थिक स्थिति भएका जेहेन्दार, असक्त तथा अपांग विद्यार्थिहरुलाई छात्रवृत्ति दिने तर्फ ध्यान दिनु पर्ने ।

१७) वार्षिक प्रतिवेदनको कभरलाई आकर्षक बनाउनु भन्दा वित्तीय स्थितिलाई मजवुत बनाई खर्चमा मितव्ययी हुनु पर्ने ।

१८) संस्थाले प्रवाह गरेका कर्जाको असूलीमा नै विशेष ध्यान दिई खराब कर्जा बढ्न नदिन सो तर्फ सदैब सचेत रहनु पर्ने ।

१९) विगतमा वितरण भएको लाभांश भुक्तानी लिन बाँकी भएका शेयरधनिहरुलाई सम्पर्क गरि भुक्तानी गरेमा अझ राम्रा हुने ।

२०) यस संस्थालाई सन् २०२४ का लागि Best Finance का रुपमा स्थापित गरि Awarded हुन सफल सम्पुर्ण टिम नै हार्दिक बधाई तथा धन्यवादको पात्र रहेको ।

२१) यस वित्तीय संस्था अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग गाम्ने गाभिने (Merger) वा प्राप्ती ( Acquisition) गर्ने कार्य गर्दा भोलिका दिनमा सो को नतिजा प्रत्यूत्पादक आउनु भन्दा यस संस्थालाई गाम्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने कार्य नै नगर्नु बेस हुने र यसलाई एजेण्डा बाटै हटाउनु उपयूक्त हुने । यदि गाम्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने कार्यमा जानै पर्दा पनि सुहाउँदो जोडीको खोजी गरी यस संस्थाको अधिकतम हित हुने गरि मात्र जानु पर्ने ।

**१०. सभामा उठेका प्रश्न, जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका सभापती ज्यूको अनुमतीले संस्थाका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री तेज राज तिमिल्सिनाज्यूले देहाय बमोजिम प्रत्युत्तर दिनु भयो :**

**क)** अठारौं वार्षिक साधारण सभा समक्ष छलफलमा सहभागि भई शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक, प्रेरणादायी तथा महत्वपुर्ण विचार, मन्तव्य, जिज्ञासा, राय, सुझाव तथा मार्ग निर्देशन दिनु भएकोमा हार्दिक आभार प्रकट गरि विशेष धन्यबाद ज्ञापन गर्नु भयो ।

**ख)** देशको आर्थिक क्षेत्रले भोगि रहेको असहज परिस्थितिका वावजुद पनि यस संस्थाको अथक मेहनतका कारण संस्थालाई आजको स्थितिमा पुरयाउन सफल भएको र भोलिका दिनमा समेत अझ बढी प्रभावकारी ढंगले संस्थालाई नं १ मा टिकाई रहन सदैब लागि पर्ने व्यहोरा सभा समक्ष राख्नु भयो ।

**ग)** यस संस्थाले प्रवाह गर्ने सेवालाई प्रविधि मैत्री बनाउँदै छिटो छरितो एवं विश्वसनिय रुपमा भरपर्दो सेवा प्रवाह गर्न सदैब प्रतिवद्ध रहेको व्यहोरा सभा समक्ष राख्नु भयो ।

**घ)** संस्थाले ऋण असूली प्रकृयालाई अझ बढी प्रभावकारी बनाई खराब कर्जाको दरलाई न्यूनिकारण गर्दै जाने निति अख्तियार गरेको व्यहोरा सभा समक्ष राख्नु भयो ।

**ङ)** यस वर्ष बजारमा नगद प्रवाह होस भन्ने हेतुले नगद लाभांश वितरण गरिएकोमा आगामी वर्षमा वोनश शेयर वितरण गर्ने तर्फ समेत ध्यान दिइने व्यहोरा सभा समक्ष राख्नु भयो ।

**च)** विगतका कमि कमजोरीबाट पाठ सिक्दै संस्थाले आफ्नो व्यापार व्यवसायलाई उत्कृष्ट ढंगले बृद्धि गरि बढि भन्दा बढि मुनाफा आर्जन गर्ने तर्फ नै सदैब आफ्नो ध्यान केन्द्रित गर्ने भएकोले संस्थाको प्रगति आगामी दिनमा अझ सुनिश्चत रही यस संस्थाको भविष्य सदा झै उज्वल नै रहनेमा समेत यस गरिमामय सभालाई विश्वस्त तुल्याउनु भयो ।

**छ)** शेयरधनी महानुभावहरुबाट सभामा प्राप्त अमुल्य राय सुझाव तथा मार्ग निर्देशनहरुका अलावा बेलाबखत संस्थाको कार्यालयमा आई दिनु हुने अमुल्य राय सुझावलाई समेत आगामी दिनहरुमा क्रमश: अबलम्वन गर्न प्रतिबद्ध रहेको व्यहोरा यस गरिमामय सभालाई विश्वस्त तुल्याउनु भयो ।

**ज)** शेयरधनी महानुभावहरुबाट मर्जरको सम्बन्धमा राख्नु भएको जिज्ञासा र सुझाबका सम्बन्धमा हामीले विगत बर्ष देखि नै शेयरधनी महानुभावहरुको सुझाब अनुरुप नै यदि राम्रो संस्थासँग सवै शेयरधनीहरुको हित हुने हिसावले गाभ्ने गाभिने (Merger) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जाने प्रस्ताव आएमा मात्र गाभ्ने गाभिने (Merger) गर्ने वा प्राप्ती (

Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जाने अन्यथा नजाने नितिलाई अख्तियार गरि आएको व्यहोराका सम्बन्धमा सभा जानकार नै रहेकोले यस पटक पनि राम्रो संस्थाहरुसँग गाभ्ने गाभिने (Merger) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जाने सम्वन्धी प्रस्तावलाई खुल्ला राखिएको हो र यस संस्थालाई यदि गाभ्ने गाभिने (Merger) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जानु पर्ने स्थितिको श्रृजना भएमा सवै शेयरधनीहरुको हितलाई प्राथमिकता दिई मात्रै सो प्रकृयामा जाने व्यहोरा यस गरिमामय सभा समक्ष प्रतिबद्धता व्यक्त गर्नु भयो ।

झ) अन्तमा हाम्रा काम कारवाही, व्यवहार र संस्थाको प्रगती आदिका वारेमा शेयरधनी महानुभावहरुबाट अमुल्य राय सुझाव तथा मार्ग निर्देशनहरु आगामी दिनमा पनि निरन्तर पाई रहने अपेक्षा गर्दै विभिन्न माध्यमहरुबाट यहाँहरुबाट प्राप्त हुने महत्वपूर्ण बिचार, राय, सुझाव तथा मार्ग निर्देशनहरु अनुरुप गर्नका लागि संस्था एबं प्रमुख कार्यकारी अधिकृतको हैसियतबाट समेत प्रतिवद्ध रहेको व्यहोरा समेत सभा समक्ष राख्नु भयो ।

## ११. <u>अठारौं वार्षिक साधारण सभाबाट पारित निर्णयहरुः</u>

### क) <u>सामान्य प्रस्तावहरु उपरको निर्णय</u>

१) सामान्य प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि सभापती ज्यूले निर्णयार्थ राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

२) सामान्य प्रस्ताव नं. २ बमोजिम लेखापरिक्षक श्री पि.आर.एस.एच. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्को प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात एवं आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि सभापती ज्यूले निर्णयार्थ राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

३) सामान्य प्रस्ताव नं. ३ बमोजिम सभापतीज्यूको अनुमतिले आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ बमोजिम संस्थाको लेखापरिक्षण समितीको सिफारिसमा यस अघिका लेखापरिक्षक श्री पि.आर.एस.एच. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई नै आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षकमा नियुक्त गर्ने र निज लेखापरिक्षक श्री पि.आर.एस.एच. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई आर्थिक वर्ष २०८२/०८३ को लेखापरिक्षण गरे बापत लेखापरिक्षण खर्च सहितको पारिश्रमिक मु.अ. कर सहित रकम रु. ७,५०,०००।- (अक्षरेपी सात लाख पचास हजार रुपैयाँ मात्र) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि सभापती ज्यूले निर्णयार्थ राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

४) सामान्य प्रस्ताव नं. ४ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपि एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस रुपैंया असी पैसा मात्र) को १५% ले हुन आउने रकम रु. २०,२७,३२,९२७।३२ ( अक्षेरेपि बिस करोड सत्ताईस लाख बत्तिस हजार नौ सय सत्ताईस रुपैंया बत्तिस पैसा मात्र) बरावरको नगद लाभांश (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृति प्रदान गरियोस् भन्ने प्रस्ताव उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि सभापती ज्यूले निर्णयार्थ राख्नु भएकोले सो प्रस्तावलाई सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

(ख) **विशेष प्रस्तावहरु उपरको निर्णय** :

१) विशेष प्रस्ताव नं. १ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैकको स्वीकृत लिई यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालयलाई का.जि. का.म.न.पा. वडा नं. १० बाट ठाउँसारी गरी का.जि. का.म.न.पा. वडा नं. ११ मा राख्नका लागि यस वित्तीय संस्थाको प्रवन्ध पत्रको दफा २(१) र नियमावलीको नियम २ मा रहेको "वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना" लाई देहाय बमोजिम संशोधन गर्ने गरि पारित गरियोस् भन्ने विशेष प्रस्ताव उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि सभापती ज्यूले निर्णयार्थ पेश गर्नु भएकोले सो विशेष प्रस्तावलाई सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

**प्रबन्ध-पत्र संशोधन**

**दफा २.** वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगानाः (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बागमती प्रदेश, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ११ मा रहनेछ ।

**नियमावली संशोधन**

**नियम २.** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगानाः यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बागमती प्रदेश, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ११ मा रहनेछ ।

२) विशेष प्रस्ताव नं. २ बमोजिम प्रबन्ध-पत्र तथा नियमावलीलाई उपरोक्त बमोजिम संशोधन गर्न अनुमति लिनु पर्ने नियमनकारी निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने भन्ने प्रस्ताब उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि सभापती ज्यूले निर्णयार्थ पेश गर्नु भएकोले सो विशेष प्रस्तावलाई सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

३) विशेष प्रस्ताव नं. ३ बमोजिम यस वित्तीय संस्था र अन्य कुनै उपयूक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तीय संस्थाको चल अचल सम्पत्ति र

दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने भन्ने प्रस्ताब उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि सभापती ज्यूले निर्णयार्थ पेश गर्नु भएकोले सो विशेष प्रस्तावलाई सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

(ग) **<u>विविध</u>** : विविध शिर्षक अन्तर्गत अन्य छलफलको विषय बाँकी नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ बमोजिम यस वित्तीय संस्थाका अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणिकरण गरि कम्पनी सचिवले सो निर्णय पुस्तिकाको प्रतिलिपि प्रमाणित गरि प्रतिलिपिहरु बुझाउनु पर्ने विभिन्न नियमनकारी निकायहरुमा बुझाउने निर्णय समेत सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

## १२. सभापतिज्यूबाट प्रस्तावहरु पारित भएको घोषण र सभाको विसर्जनः

सभाको अन्तमा सभाका सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषण गर्नु भयो ।

सभाका सभापतिज्यूले शेयरधनी महानुभावहरुले गर्नु भएको निरन्तरको सहयोग तथा सद्भावका साथ साथै समय समयमा उपलब्ध गराउनु भएको महत्वपूर्ण विचार, राय, सुझाव तथा मार्ग निर्देशनहरुबाट हामीलाई संस्थाको उत्तरोत्तर प्रगतिको लागि आवश्यक निति निर्माण गर्ने देखि संस्थाको सेवा प्रवाहलाई उत्कृष्ट बनाई उचित प्रतिफल दिन मदतगार सावित भएकोले आगामी दिनमा समेत शेयरधनी महानुभावहरुबाट प्राप्त हुने महत्वपूर्ण विचार, राय, सुझाव तथा मार्ग निर्देशनहरुलाई सदैब आत्मसाथ गरि अघि बढ्दा अवश्य नै बढी प्रतिफल दिन सकिनेमा आफू विश्वस्त रहेको विचार व्यक्त गर्नु भयो ।

सभाका सभापतिज्यूले सभामा सहभागि हुनुभई आफ्नो रचनात्मक तथा अमूल्य बिचार, राय, सुझाव सहितको मन्तव्य व्यक्त गरि सभाको गरिमा बढाई सभालाई सौहाद्रताका सु-सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु तथा यस वित्तीय संस्थालाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गरि रहने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायतका सम्पूर्ण नियामक निकायहरुलाई समेत हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै वित्तीय संस्थाको सञ्चालक समितिको मार्गदर्शन, उच्च व्यवस्थापन तथा सम्पुर्ण कर्मचारी वर्गहरुको मेहनत, लगनशीलता एवं समर्पित सेवाभावको उच्च प्रशंसा गर्नु भयो ।

सभाको अन्त्यमा सभाका सभापति **श्री सुमन प्रसाद अधिकारीज्यूले** अठारौं वार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, सञ्चालक ज्यूहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु, पत्रकार महोदयहरु, अन्य सरोकारवाला शुभेच्छुकहरु तथा सम्पुर्ण कर्मचारी मित्रहरुलाई

आउदै गरेको चाड तिहार, नेपाल सम्बतको नयाँ वर्ष तथा छठ पर्व समेतको उपलक्ष्यमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै सम्पुर्ण शेयरधनी महानुभावहरुलाई पुनः धन्यबाद ज्ञापन गर्दै सभा बिर्सजन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| **श्री विकास राज शाक्य** | **श्री सुमन प्रसाद अधिकारी** |
| **कम्पनी सचिव** | **सञ्चालक समितिको अध्यक्ष/सभाका सभापति** |

सम्बत् २०८२ साल आश्विन महिना ३१ गते शुक्रवार ।